नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं १०४

मितिः२०८३/०६/०१

ने.सं. ११४६

श्री स्थानीय तह सवै ।

विषयः बालश्रममुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा युवा श्रम तथा रोजगार मन्त्रालय, व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखाको प.सं.०८३/८४, च.नं.१५, मिति २०८३/५/३१ को पत्र मार्फत बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रमको लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७ को अनुसूची १ बमोजिम सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहहरुले उक्त सर्वेक्षणको प्रतिवेदन सहित सोही कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा प्रस्ताव माग गरिएको हुँदा पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.........................

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री युवा श्रम तथा रोजगार मन्त्रालय

व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा,सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः सवै स्थानीय तहको इमेलमा प्रेषित गरी वेवसाइटमा समेत अपलोड गरिदिनुहुन

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# युवा, श्रम तथा रोजगार मन्त्रालय

(व्यवसायजन्य सुरक्षा तथा बालश्रम निवारण शाखा)

पत्र संख्या:- व्य.सु.बा.श्र./०८३/०८४
चलानी नं.:- १५

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८३/५/३१
ने.सं.११४६ जलाथ्व पञ्चमी, बुधवार

श्री स्थानीय तह (सवै)
मार्फतः भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,,
सिँहदरवार, काठमाण्डौ।

**विषयः** <u>बालश्रममुक्त स्थानीय तह घोषणा सम्वन्धी कार्यक्रमका लागि प्रस्ताव माग गरिएको सम्वन्धमा ।</u>

प्रस्तुत विषयमा वालश्रम निवरणका लागि बालश्रम सम्वन्धि राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) लागु भई कार्यान्वयनको चरणमा रहेको छ । नेपाल सरकारले स्थानीय तहलाई वालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कार्यमा सहजता एवम् एकरुपता गर्न नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७७।८।२३ को निर्णयानुसार बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ स्वीकृत भई सोही कार्यविधि बमोजिम स्थानीय तहले वालश्रममुक्त स्थानीय तह घोषणा गरिरहेको व्यहोरा अवगत नै छ । यस सन्दर्भमा, उक्त कार्यविधिको दफा ६ मा वालश्रममुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न इच्छुक स्थानीय तहले सो कार्यविधिको अनुसूची-१ बमोजिमको सर्वेक्षण गरेको हुनु पर्ने र दफा ७ वमोजिम बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालनका लागि सर्वेक्षण सम्पन्न गरेका स्थानीय तहसँग मन्त्रालयले सोही कार्यविधिको अनुसूची-२ बमोजिमको प्रस्ताव माग गर्नेछ भन्ने व्यवस्था अनुरुप बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यक्रम संचालन गर्न ईच्छुक (यसअघि यस किसिमको सशर्त अनुदान प्राप्त नगरेका) स्थानीय तहहरुले उक्त कार्यविधिको अनुसूची-१ बमोजिमको सर्वेक्षणको प्रतिवेदन सहित सोही कार्यविधिको अनुसुची-२ बमोजिमको ढाँचामा २०८३ कार्तिक १३ गतेसम्म यस मन्त्रालयमा आई पुग्ने गरी प्रस्ताव पेश गर्न हुन मिति २०८३।५।३१ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

वालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ यस मन्त्रालयको वेवसाईट www.moless.gov.np मा रहेको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

२०८३/५/३१

(महेशकृष्ण महर्जन)
शाखा अधिकृत